“ कृषि, उर्जा, पर्यटन र प्रविधि; हिलिहाङ गाउँपालिकाको समृद्धि ”

# हिलिहाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पञ्चमी, पाँचथर
प्रदेश नं. १, नेपाल।

अध्यक्ष :- ९८५२६८४४९९
उपाध्यक्ष :- ९८६२७७२८७९
प्र. प्र. अ :- ९८५२६८४४७७

हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पञ्चमी, पाँचथर १ नं. प्रदेश, नेपाल २०७३

पं. सं. :- २०७८/०७९
चं. नं. ३६१

मिति:- २०७८/४/३

**विषय : भूमिहिन दलित/भूमिहिन सुकुम्बासीको हकमा प्रकाशन गरिएको १५ दिने सार्बजनिक सूचना ।**

उपरोक्त सम्वन्धमा भूमि सम्वन्धी समस्या समाधान आयोग ताहाचल काठमाडौबाट मिति २०७७/१०/९ प्रकाशित सूचना अनुसार सम्वन्धित वडा कार्यालयहरु मार्फत पेश भएका **भूमिहिन दलित/भूमिहिन सुकुम्बासीहरुले** पेश गरेका निबेदन अनुसार सम्वन्धित वडामा बसोवास गर्ने देहाय अनुसारका व्यक्तिहरुले आफ्नो र आफ्नो परिबारका सदस्यको स्वामित्वमा नेपाल राज्य भित्र जग्गा जमिन नभएको र परिबारको आयआर्जन श्रोत वा प्रयासबाट जग्गाको प्रवन्ध गर्न असमर्थ भएको, विगतमा आफू र आफ्नो परिबारका सदस्यहरुलाई नेपाल सरकारले कुनै प्रकारको कुनै जग्गा वा जग्गाको स्वामित्व सहितको आवास उपलब्ध नगराएको तथा मिति २०७६ माघ २८ पछि आफ्नो वा परिबारको कुनै सदस्यको नाममा रहेको जग्गा बिक्रि वा हक हस्तान्तरण नगरेको भनि आफूलाई भूमिहिन दलित/भूमिहिन सुकुम्वासी दाबी गरी जग्गा आवाद कमोत गर्दै आएको स्थानमा वा अन्य कुनै सरकारी जग्गामा तोकिएको क्षेत्रफलको हदमा नबढ्ने गरी निशुल्क जग्गा पाउन स्थानीय तह मार्फत आयोगमा निबेदन पेश गरेकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । यस सम्वन्धमा निबेदनमा उल्लेख गरे अनुरुप नभए सम्वन्धित व्यक्तिले र कुनै उजुर बाजुर भए जोसुकैले १५ (पन्ध्र) दिन भित्र (**मिति २०७८/४/१७ गते सम्म**) आफू बसोबास भएको सम्वन्धित वडा मार्फत वा यस गाउँपालिकामा प्रमाण सहित निवदेन दर्ता गराउनु हुन वा उजुर गर्न भूमिहिन दलित/भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन सम्वन्धी कार्यविधि २०७७ को नियम ११(४) बमोजिम सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

बिक्रम लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

Official Website: www.hilihangmun.gov.np Email Address:- hilihangruralmun@gmail.com